**Surkhet Journal**
[A Peer-Reviewed, Open-Access, Indexed in NepJOL, DOI, Multidisciplinary Journal]
ISSN 2362-1230 (Print)
Published by the Research Management Cell (RMC)
Surkhet Multiple Campus, Birendranagar, Surkhet
Tribhuvan University
**DOI:https://doi. org/10. 3126/surkhetj. v3i1. 84741**

# पाठ्यक्रमको ऐतिहासिक सिंहावलोक

*Received on 2July, 2025 Accepted on 24 August, 2025 Published on September, 2025*

**टंकप्रसाद आचार्य**
उप-प्राध्यापक
सुर्खेत बहुमुखी क्याम्पस, सुर्खेत
tankpdacharya@gmail.com
https:orcid.org/०००९-०००२-९०६०-४४६०

## लेखसार

*प्राचीन कालमा शिक्षा आदान-प्रदान गर्ने प्रक्रिया घर-परिवारबाट शुरु भएर समाज/ समुदायमा जान्ने व्यक्तिले नजान्ने व्यक्तिलाई सिकाउदै वा ज्ञान बाड्दै आएको परम्परा पाइन्छ । तत्कालिन समयमा समाजमा स्थापित मूल्य-मान्यता, कला-सस्कृति, धर्म-परम्परा आदि कुराहरू एक पिढीबाट अर्को पिढीसम्म क्रमश; हस्तान्तरण गर्दै लैजाने प्रक्रियालाई शिक्षाको रूपमा ग्रहण गर्न थालियो । कक्षाकोठा भित्र शिक्षण गरिने विषयवस्तुको सुची/पाठ्यांश (क्थाँबिदगक) लाई नै पाठ्यक्रम भन्न थालियो, जसलाई पाठ्यक्रम सम्बन्धि परम्परागत धारणा मानिन्छ। यो धारणा अनुसार हेर्दा विषयवस्तुको सूचीलाई पाठ्यक्रमको रूपमा लिइएको पाइन्छ । यसलाई पाठ्यक्रमको संकुचित अर्थका रूपमा पनि लिन सकिन्छ आधुनिक दृष्टिकोणका आधारमा हेर्दा पाठ्यक्रम भनेको शैक्षिक कार्यक्रमको एक व्यापक योजना हो , जसमा बालबालिकाहरूलाई उचित ज्ञान, सिप, धारणा प्रदान गरी उनीहरूको चौतर्फी विकास गराउने लक्ष्य राखिएको हुन्छ । अतः पाठ्यक्रमलाई शैक्षिक कार्यक्रमको संगठित र योजनाबद्ध स्वरूप मानिन्छ , जसले सम्पूर्ण शैक्षिक कार्यक्रमलाई नै दिशानिर्देश गरेको हुन्छ। समग्रमा भन्नु पर्दा संगठित एवं योजनाबद्ध ढङ्गले निश्चित उद्देश्य प्राप्तिका लागि तयार पारिएको शैक्षिक कार्यक्रमलाई नै पाठ्यक्रम भनिन्छ । पाठ्यक्रम अन्तर्गत उद्देश्य, विषयवस्तु, शिक्षणविधि तथा शैक्षिक सामग्री र मूल्याङ्कन प्रक्रिया आदि सम्पूर्ण पक्षहरू समेटिएका हुन्छन । त्यसैले पाठ्यक्रमलाई व्यापक शैक्षिक दस्तावेजका रूपमा लिन सकिन्छ । हरेक मुलुकको शिक्षा प्रणालीको मेरुदण्डका रूपमा पाठ्यक्रमलाई नै लिइएको हुन्छ । पाठ्यक्रमको अभावमा कुनै पनि शैक्षिक कार्यक्रमले गति लिन*

*सक्दैन । शिक्षा प्रणालीलाई समय सापेक्ष रूपमा परिवर्वतन गर्दै लैजानु पर्ने हुदा पाठ्यक्रमलाई पनि व्यक्ति (सिकारु), समाज, राष्ट्र र अन्तराष्ट्रिय परिवेश अनुसार आवश्यकताको आधारमा सुधार एवम परिवर्तन गर्दै जानु पर्दछ, अन्यथा कुनै पनि मुलुकको विकास हुन् सक्दैन ।*

**मुख्य शव्दावली :** उद्देश्य, पाठ्यक्रम, पाठ्यांश, मूल्याङ्कन, शिक्षा प्रणाली।

## परिचय

मानव जातिको उत्त्पति र विकाससँगसँगै शिक्षा आदान-प्रदान गर्ने प्रक्रिया कुनै न कुनै रूपमा चल्दै आएको पाइन्छ । प्रारम्भिक कालमा आफूले जानेका कुराहरू आफ्ना सन्ततिहरूलाई हस्तान्तरण गर्ने प्रकृयावाट नै शिक्षा लिने दिने परम्पराको थालनी भएको मान्नु पर्छ / यसरी शिक्षा लिने दिने प्रक्रिया घर परिवारवाट विकसित हुदै समाज/समुदायमा जान्ने व्यक्तिले नजान्ने व्यक्तिलाई सिकाउदै आएको इतिहास पाइन्छ । तत्कालिन समाजमा स्थापित मूल्य-मान्यताहरू, कला-सस्कृति, धर्म-परम्परा आदि कुराहरू एक पिढीबाट क्रमशः अर्को पिढीसम्म हस्तान्तरण गर्दै लैजाने प्रक्रियालाई शिक्षाको रूपमा ग्रहण गर्न थालियो ।

मानव समाजको विकासक्रमसँगै मानिसका आवश्यकता, चाहना, चालचलन, व्यवहार, रहनसहन, नीतिनियम, मूल्यमान्यता तथा सम्पूर्ण जीवन पद्दतिमा नै फेरबदल हुँदै गयो । यस्तो परिवर्तित अवस्थामा समयानुकुल नया वतावरणमा समायोजन हुनका लागि तदनुरूपको शिक्षा आवश्यक पर्ने कुरा महसुस गरियो । समाज क्रमश जटिल एवम गतिशील हुदै गयो । यस्तो अवस्थामा घरपरिवारले मात्र समाजको माग अनुरूपको शिक्षा प्रदान गर्न नसक्ने भयो, परिणामस्वरूप शिक्षा प्रदान गर्ने प्रभावकारी विकल्पको खोजि हुन थाल्यो । यसैक्रममा शिक्षा प्रदान गर्ने औपचारिक निकायका रूपमा विद्यालाईको आवश्यकता महसुस गरी समाजमा शैक्षिक सस्थाको स्थापना गरी बालबालिकाहरूलाई शिक्षा प्रदान गर्न थालियो । यसका लागि आवश्यक नीति नियम पनि तयार गरियो, जसले गर्दा अनौपचारिक रूपवाट शुरु भएको शिक्षा प्रदान गर्ने परिपाटी औपचारिक प्रणालीमा विकसित भयो ।

औपचारिक रूपमा शिक्षाको थालनी भएपछी शुरुशुरुमा कक्षाकोठा भित्र शिक्षण गरिने विषयवस्तु (पाठ्यांश)को स्वरूपलाई नै पाठ्यक्रम भन्न थालियो, जसलाई पाठ्यक्रम सम्बन्धित परम्परागत धारणा मानिन्छ । शिक्षाको विकाससँगै पाठ्यक्रम सम्बन्धि परम्परागत धारणामा पनि केहि परिवर्तनहरू देखा पर्न थाले, जसअनुसार पाठ्यक्रम र पाठ्यांस विचको भिन्नता केलाउन थालियो ।

**उदेश्य :**

१. पाठ्यक्रमको अवधारणा, र परिचय स्पष्ट पार्नु ।

२. पाठ्यक्रमका तत्त्वहरू र त्यससँग सम्बन्धित पक्षहरूको विश्लेषण गर्नु ।

## सैद्धान्तिक साहित्यको पुनरावलोकन

अमेरिकी शिक्षाविद R. W. Tyler लाई आधुनिक पाठ्यक्रमका पिता भनिन्छ । उनले आफ्नो लामो अध्ययन र अनुभवलाई समेटेर सन् १९४९ मा "Basic principles of curriculum and instruction" नामक पुस्तक लेखे, जसमा त्थभिच ले हरेक शैक्षिक संस्थाले उत्तर खोज्नै पर्ने चार वटा आधारभूत प्रश्नहरू उठाएका थिए । ती चार वटा प्रश्नहरूको उत्तर नै पाठ्यक्रमका प्रमुख चार तत्त्वका रूपमा विकसित भए / ती चार वटा तत्त्वहरू निम्न प्रकारका थिए :

१. what the educational purposes should the school seek to attain, (Objectives)

२. what educational experiences can be provided that are likely to attain use purposes, (Selection of learning experiences)

३. How can these educational experiences be effectively organized, (organization of learning experiences)

४. How can we determine whether these purposes are being attained, (Evaluation)

Tyler ले प्रस्तुत गरेको पाठ्यक्रम विकास तथा योजनाको नमुनालाई तार्किक / व्यापक / उद्देश्यमुलुक (Rational / Compherensive / Objectives Model) आदि नामहरूले पनि चिनिन्छ / उनका अनुसार पाठ्यक्रम विकास एक तार्किक र व्यवस्थित प्रक्रिया हो। माथि उल्लेखित प्रत्येक प्रश्नको तार्किक र क्रमबद्ध उत्तर खोजेर मात्र पाठ्यक्रम तथा शैक्षिक कार्यक्रमको विकास सम्भव हुन्छ ।

## अध्ययन विधि

प्रस्तुत लेखमा दस्तावेज अध्ययन विधि अपनाई गुणात्मक विधिका आधारमा विश्लेषण गरिएको छ । प्रस्तुत अध्ययन गुणात्मक ढाचामा आधारित छ । यसमा दस्तावेज अध्ययन विधि अपनाई विभिन्न पुस्तक तथा ग्रन्थहरूको सहायताबाट सामग्री सङ्कलन गरी पाठ्यक्रमका विविध पक्षहरूलाई विश्लेषण गरिएको छ। पाठ्यक्रमका तत्त्वहरू र यससँग सम्बन्धित पक्षहरूको विश्लेषण गर्दा R. W. Tyler को पाठ्यक्रम सम्बधि नमुनालाई मूल अधार मानिएको छ।

## विषयवस्तुको विश्लेषण

प्राचिन कालमा शिक्षा आदान-प्रदान गर्ने प्रक्रिया घर-परिवारबाट शुरु भएर समाजमा जान्ने व्यक्तिले नजान्ने व्यक्तिलाई सिकाउने प्रचलन रहेको पाइन्छ । तत्कालिन समयमा समाजमा स्थापित मूल्य-मान्यता, कला-सस्कृति, धर्म-परम्परा आदि कुराहरू एक पिढीबाट अर्को पिढीसम्म क्रमश; हस्तान्तरण

गर्दै लैजाने प्रक्रियालाई शिक्षाको रूपमा ग्रहण गर्न थालियो । मानव समाजको विकासक्रमसँगै मानवीय आवश्यकताहरू पनि बदलिँदै जादा शिक्षा प्रदान गर्ने प्रभावकारी विकल्पको खोजि हुन् थाल्यो । औपचारिक रूपमा शिक्षाको थालनी भएपछी कक्षाकोठा भित्र शिक्षण गरिने विषयवस्तु/पाठ्यांश (Contant/Syllabus)लाई नै पाठ्यक्रम भन्न थालियो, जसलाई पाठ्यक्रम सम्बन्धि परम्परागत धारणा मानिन्छ। यो धारणा अनुसार हेर्दा विषयवस्तुको सूची/पाठ्यांश (ऋयलतबलतक/क्थ्थिबिदगक) लाई नै पाठ्यक्रम (Curriculum)को रूपमा लिइएको पाइन्छ । यसलाई पाठ्यक्रमको संकुचित धारणाका रूपमा लिन सकिन्छ ।

मानव समाजको विकासक्रमसँगै मानिसका आवश्यकताहरू, चाहना, चालचलन, व्यवहार, रहनसहन, नीतिनियम, मूल्यमान्यता तथा सम्पूर्ण जीवन पद्दतिमा नै फेरबदल हुँदै गयो । यस्तो परिवर्तित अवस्थामा समयानुकुल नया वातावरणमा समायोजन हुनका लागि तदनुरूपको शिक्षा आवश्यक पर्ने कुरा महसुस गरियो । समाज क्रमश जटिल एवम गतिशील हुदै गयो । यस्तो अवस्थामा घरपरिवारले मात्र समाजको माग अनुरूपको शिक्षा प्रदान गर्न नसक्ने भयो, परिणामस्वरूप शिक्षा प्रदान गर्ने प्रभावकारी विकल्पको खोजि हुन थाल्यो । यसैक्रममा शिक्षा प्रदान गर्ने औपचारिक निकायका रूपमा विद्यालाईको आवश्यकता महसुस गरी समाजमा शैक्षिक सस्थाको स्थापना गरी बालबालिकाहरूलाई शिक्षा प्रदान गर्न थालियो । यसका लागि आवश्यक नीति नियम पनि तयार गरियो, जसले गर्दा अनौपचारिक रूपवाट शुरु भएको शिक्षा प्रदान गर्ने परिपाटी औपचारिक प्रणालीमा विकसित भयो ।

आधुनिक दृष्टिकोणका आधारमा हेर्दा पाठ्यक्रम भनेको शैक्षिक कार्यक्रमको एक बृहत योजना हो, जसमा बालबालिकाहरूलाई उचित ज्ञान, सिप, धारणा प्रदान गरी उनीहरूको चौतर्फी विकास गराउने लक्ष्य राखिएको हुन्छ । त्यसैले पाठ्यक्रमलाई शैक्षिक कार्यक्रमको संगठित र योजनावद्द दस्तावेज मानिन्छ, जसले सम्पूर्ण शैक्षिक कार्यक्रमलाई नै निश्चित मार्गदर्शन तथा दिशाबोध गर्दछ । त्यसैले पाठ्यांश (syllabus) ले पाठ्यक्रम (curriculum)को स्थान लिन सक्दैन, किनकी यी दुइ तत्त्व विच व्यापक भिन्नता रहेको छ, जसलाई निम्नानुसार स्पष्ट पार्न सकिन्छ :-

| क सं | पाठ्यक्रम | क सं | पाठ्यक्रम |
|---|---|---|---|
| १ | पाठ्यक्रमको उद्देश्य बालबालिकाहरूको व्यवहारमा परिवर्तन ल्याउनुका साथै उनीहरूको चौतर्फी विकास गराउनु हो | १ | पाठ्यांशको उद्देश्य विषयगत रूपमा कक्षामा पढाउने विषयवस्तुको सुची प्रदान गर्नु हो |
| २ | पाठ्यक्रमको निर्माणमा शिक्षाविद, विषयविशेषज्ञ, समाजसेवी, अभिभावक, शिक्षक, विद्यार्थी आदिको संयुक्त भूमिका रहेको हुन्छ । | २ | पाठ्यांशको निर्माणमा विषयविशेषज्ञ तथा विषय शिक्षकको मात्र मुख्य भूमिका रहन्छ |
| ३ | पाठ्यक्रम भित्र उद्देश्य, विषयवस्तु, शिक्षणविधि र मुल्यांकन प्रक्रियाहरू समेटिएका हुन्छन् | ३ | पाठ्यांश भित्र एक शैक्षिक सत्रमा निश्चित कक्षामा कुनै पनि विषयमा पढाउनु पर्ने पाठहरू वा विषयवस्तुको सुची मात्र समेटिएको हुछ |
| ४ | पाठ्यक्रम भनेको व्यापक शैक्षिक योजनाको एक दस्तावेज हो | ४ | पाठ्यांश भनेको पाठ्यक्रमले निर्धारण गरेको क्षेत्र र उद्देश्य भित्र सिमित हुन्छ |
| ५ | पाठ्यक्रमका आधारमा पाठ्यांश तयार गरिन्छ | ५ | पाठ्यांशका आधारमा पाठ्यपुस्तक तयार गरिन्छ |

**पाठ्यक्रमको अर्थ :**

**पाठ्यक्रमको शाब्दिक अर्थ (Etymological meaning of curriculum) :** अंग्रेजी भाषाको Curriculum शब्दको नेपाली अर्थ पाठ्यक्रम हो । Curriculum शब्द ल्याटिन भाषाको Currere बाट बनेको हो, जसको अर्थ Run–Way हुन्छ । यसरी पाठ्यक्रमको शाब्दिक/व्युत्पत्तिगत अर्थ हेर्दा दौडको बाटो वा धावनमार्ग (Run–Way) भन्ने बुझिन्छ । जसरि एउटा धावक निश्चित धावनमार्गमा दौडिएर आफ्नो गन्तब्य विन्दु वा लक्ष्यमा पुग्न सफल हुन्छ, ठिक त्यसैगरी एउटा सिकारु पनि पाठ्यक्रमले निर्दिस्ट गरेको मार्गमा हिडेमा मात्र उसले आफ्नो लक्ष्य/उद्देश्य (सिकाइ उपलब्धि) हासिल गर्न सक्छ । बालबालिकाहरूलाई ज्ञान, सिप, धारणा आदि हस्तान्तरण गर्ने प्रक्रियामा पाठ्यक्रमले उचित मार्गदर्शन प्रदान गर्दछ । त्यसैले पाठ्यक्रमलाई धावनमार्गका रूपमा पनि लिन सकिन्छ ।

**पाठ्यक्रमको संकुचित अर्थ (Narrow meaning of curriculum) :** संकुचित अर्थ भन्नाले सिमित अर्थ प्रदान गर्नु हो । संकुचित अर्थका आधारमा हेर्दा पाठ्यक्रमलाई विषयवस्तुको सूची/पाठ्यांश (Content/Syllabus) भित्र मात्र सिमित गरिएको पाइन्छ । यस्तो अर्थलाई पाठ्यक्रमको परम्परागत धारणा पनि भनिन्छ, जुन धारणाले पाठ्यक्रमको वास्तविक अर्थ र मर्मलाई समेट्न सक्दैन ।

**पाठ्यक्रमको व्यापक अर्थ (Wider meaning of curriculum) :** पाठ्यक्रमको व्यापक अर्थले यसलाई शैक्षिक कार्यक्रमको बृहत योजनाका रूपमा व्याख्या गर्दछ । पाठ्यक्रम शैक्षिक गतिविधिको एउटा संगठित ढांचा हो, जसमा विद्यालय भित्र वा वाहिरका क्रियाकलापहरू समेत समेटिएका हुन्छन । पाठ्यक्रममा व्यक्ति, समाज र राष्ट्रका आवश्यकताहरू प्रतिबिम्बित हुन्छन्, त्यसैले पाठ्यक्रमलाई मुलुकको शैक्षिक अवस्थाको दर्पण पनि भनिन्छ । समग्रमा भन्नु पर्दा संगठित एवं योजनाबद्ध ढङ्गले निश्चित उद्देश्य प्राप्तिका लागि तयार गरिएको शैक्षिक कार्यक्रमको व्यापक दस्तावेजलाई नै पाठ्यक्रम भनिन्छ । यस अन्तर्गत उद्देश्यहरू, विषयवस्तु, शिक्षण विधि, मूल्याङ्कन प्रकृया लगायतका सम्पूर्ण पक्षहरू समेटिएका हुन्छन्, अतः पाठ्यक्रमको अभावमा कुनै पनि शैक्षिक कार्यक्रमले गति लिन सक्दैन ।

**पाठ्यक्रमका परिभाषाहरू :** पाठ्यक्रमलाई परिभाषित गर्ने क्रममा विभिन्न दार्शनिक, विद्वान एवं शिक्षाविदहरूले विभिन्न धारणाहरू प्रस्तुत गरेका छन् । ती मध्ये केहि परिभाषाहरूलाई यहाँ प्रस्तुत गरुएको छ :

According to Mounroe – "Curriculum includes all those activities which are utilized by the school of attain its aim of education" (शिक्षाका लक्ष्यहरू हासिल गर्न विद्यालयले गर्ने सम्पूर्ण क्रियाकलापहरू पाठ्यक्रममा समावेश गरिएका हुन्छन)

According to Hilda Taba – "Curriculum is a plan for learning" (पाठ्यक्रम सिकाइको एक योजना हो)

According to R. W. Tyler – "Curriculum is defined as all of the learning of students which is planned and directed by the school to attain its educational goals" (विद्यालयद्वारा आफ्ना शैक्षिक लक्ष्यहरू हासिल गर्न योजनाबद्ध र निर्देशित गरिएका विद्यार्थीका सबै सिकाइहरूलाई पाठ्यक्रमको रूपमा परिभाषित गर्न सकिन्छ)

राष्ट्रिय शिक्षा पद्दतिको योजना (२०२८) अनुसार - “शिक्षाका लक्ष्यहरू हासिल गर्न बनाइएको शैक्षिक कार्यक्रमलाई पाठ्यक्रम भनिन्छ”

पाठ्यक्रमका तत्त्वहरू (Elements of curriculum) : पाठ्यक्रम निर्माण गर्दा आवश्यक पर्ने मुख्य तत्त्व/ अंगहरू निम्नानुसार छन् :

**उद्देश्यहरू (Objectives) :** पाठ्यक्रम निर्माणका क्रममा आवश्यक पर्ने पहिलो तथा महत्त्वपूर्ण तत्त्वका रूपमा उद्देश्यलाई लिइन्छ, किनकी पाठ्यक्रमको उद्देश्यले यसका अन्य तत्त्वहरूलाई समेत प्रभावित गरेको हुन्छ । निश्चित तह वा कक्षामा, तोकिएको विषयमा र निर्धारित समायावधिमा सिकारुमा हस्तान्तरण गर्न खोजिएको ज्ञान, सिप, धारणा नै पाठ्यक्रमका मुख्य उद्देश्यहरू हुन् अथवा कुनै पनि शैक्षिक कार्यक्रमका मुख्य अपेक्षाहरू नै पाठ्यक्रमका उद्देश्यहरू हुन्, जसले सम्पूर्ण शैक्षिक

कार्यक्रमलाई नै दिशानिर्देश गरेको हुन्छ । त्यसैले कुनै पनि मुलुकले कस्तो प्रकारको शैक्षिक कार्यक्रम अपनाउदै छ भन्ने कुरा उद्देश्यले नै सुनिश्चित गर्दछ ।

पाठ्यक्रमका उद्देश्यहरू तयार गर्दा सिकारु, समाज र राष्ट्रका आवश्यकताहरूलाई ध्यान दिनुका साथै अन्तराष्ट्रिय परिवेश, विज्ञान र प्रविधिको विकास आदि पक्षहरूलाई समेत ख्याल गर्नु पर्छ । कुनै पनि मुलुकका लागि आवश्यक पर्ने दक्ष जनशक्ति त्यहाको शिक्षा प्रणालीले नै तयार गर्दछ, अतः मुलुकले कस्तो प्रकारको जनशक्ति तयार पार्न खोजेको हो भन्ने कुरा उद्देश्यमा नै प्रतिविम्बित हुन्छ । पाठ्यक्रमका उद्देश्यहरूलाई पनि सामान्यतया दुइ भागमा बाडिएको हुन्छ :

**साधारण उद्देश्यहरू (General Objectives) :** साधारण उद्देश्यहरूले व्यापक क्षेत्र ओगटेका हुन्छन र लामो समयपछि मात्र पुरा हुने अपेक्षा राखिएको हुन्छ । यसलाई स्पष्ट रूपमा किटान गरी उल्लेख गर्न नसकिने हुदा मापन गर्न पनि कठिनाइ पर्दछ तापनि साधारण उद्देश्यका आधारमा विशिष्ट उद्देश्य निर्माण गर्न सजिलो हुन्छ । साधारण उद्देश्य जस्तै : प्रत्येक नागरिकमा राष्ट्रिय भावना जागृत गर्ने ।

**विशिष्ट उद्देश्यहरू (Specific Objectives) :** निश्चित विषयवस्तुमा तोकिएको समयावधिमा गरिएको शिक्षण सिकाइ क्रियाकलाप पश्चात सिकारुले हासिल गर्नु पर्ने भनि स्पष्ट रूपमा किटान गरी तोकिएको ज्ञान, सिप, धारणालाई नै विशिष्ट उद्देश्य भनिन्छ । पाठ्यक्रममा खाशगरि विशिष्ट उद्देश्यलाई नै बढी प्राथमिकता दिइएको पाइन्छ । त्यसैले पाठ्यक्रमद्वारा निश्चित सिकाइ उपलब्धिका लागि निर्धारण गरिएका उद्देश्यहरू विशिष्ट, सान्दर्भिक, मापनीय, अवलोकनीय, स्पष्ट र निश्चित समयमा पुरा गर्न सकिने खालका हुनुपर्छ । विशिष्ट उद्देश्यलाई व्यवहारिक उद्देश्य पनि भनिन्छ । जस्तै : विद्यार्थीहरूले प्रजातन्त्रको परिभाषा बताउन सक्नेछन् ।

**विषयवस्तु (Contents) :** पाठ्यक्रमले निर्धारण गरेको उद्देश्यहरू पुरा गर्नका लागि तयार गरिएको पाठ्यसामग्रीलाई नै विषयवस्तु भनिन्छ, अथवा उद्देश्य अनुरूप सिकारुमा हस्तान्तरण गर्न खोजिएको ज्ञान, सिप, धारणा आदिको संगठित स्वरूपलाई विषयवस्तुका रूपमा लिइन्छ । यसलाई विषयवस्तुको सुची वा पाठ्यांश पनि भनिन्छ । विषयवस्तुको छनोट गर्दा सधै उद्देश्यलाई ध्यान दिनु पर्दछ, त्यसैले पाठ्यक्रममा उद्देश्य र विषयवस्तु विच सधै तालमेल मिलेको हुनु पर्छ । पाठ्यक्रममा समावेश गरिने विषयवस्तुलाई क्षेत्र र क्रम (Scope and Sequence) मिलाई व्यस्थित गरिनु पर्छ, यसलाई विषयवस्तुको संगठन भनिन्छ । यसका लागि निम्न दुइ आधारहरू अपनाउन सकिन्छ :

**लम्बिय संगठन (Vertical Organization) :** यसमा प्रत्येक तह वा कक्षा अनुसार विषयवस्तुको क्षेत्र र क्रम मिलाई संगठित गरिन्छ । हरेक तल्लो कक्षालाई आधार मानेर माथिल्लो कक्षाका लागि विषयवस्तुको छनोट गरिन्छ अथवा कक्षा बढ्दै जादा विषयवस्तुको क्षेत्र र क्रम पनि बढ्दै जान्छ । यसमा विषयवस्तुलाई क्रमशः व्यापक बनाउदै सरलबाट जतिलको क्रममा संगठित गरिन्छ ।

**क्षितिजीय संगठन (Horizental Organization) :** एउटै कक्षामा पढाई हुने विभिन्न विषयहरूसँग सम्बन्धित विषयवस्तुहरूलाई समन्वय गरी व्यवस्थित गर्नु समतलीय संगठन हो । यसबाट एउटै कक्षामा समावेश गरिएका विभिन्न विषयहरूको सिकाइ अनुभव विच तालमेल मिलाउन सकिन्छ, जसले गर्दा एउटा विषयमा प्राप्त गरेको अनुभवले अर्को विषयको सिकाइका लागि सहयोग गर्दछ । त्यसैगरी एउटा कक्षाका सबै विषयहरूमा समान कठिनाइ स्तर भएका विषयवस्तु समावेश गर्न सजिलो हुन्छ । क्षितिजीय संगठनका आधारमा विद्यार्थीहरूलाई एकीकृत ज्ञान प्रदान गर्न सजिलो हुन्छ तर अलग अलग विषयहरूमा एउटै विषयवस्तु समावेश गरिदैन ।

**शिक्षण विधि (Teaching Method) :** शिक्षण विधिलाई शिक्षण सिकाइ क्रियाकलाप पनि भनिन्छ । पाठ्यक्रमको उद्देश्य अनुरूप छनोट गरिएको विषयवस्तुलाई सिकारु समक्ष हस्तान्तरण गर्ने माध्यम वा साधनलाई नै शिक्षण विधि भनिन्छ । यसले विषयवस्तुमा निहित ज्ञान, सिप, धारणालाई प्रभावकारी तरिकावाट सिकारु समक्ष हस्तान्तरण गर्न मद्दत गर्दछ । शिक्षण विधिको छनोट गर्दा विषयवस्तुको स्वरूप, सिकारुको उमेर तथा स्तर, विद्यार्थी संख्या, समय सिमा, शैक्षिक सामग्रीको उपलब्धता, कक्षा कोठा तथा फर्निचरको अवस्था आदि कुराहरूलाई पनि ध्यान दिनु पर्दछ ।

शिक्षण विधिलाई प्रभावकारी बनाउनका लागि उचित शैक्षिक सामग्रीको पनि आवस्यता पर्छ। उचित शैक्षिक सामग्रीको अभावमा विधीको कार्यान्वयनमा पनि बाधा पर्दछ । खासगरी स्थानीय साधन र स्रोतमा आधारित सामाग्रीहरू सङ्कलन र प्रयोग गरी शिक्षक र विद्यार्थीहरूको सक्रियतामा शैक्षिक सामाग्रीहरूको निर्माण गर्नु राम्रो हुन्छ। यस्ता सामाग्रीहरू कतिपय मुल्य नै नपर्ने (No–Cost) खालका र कतिपय कम मुल्यमा तयार हुने (Low–Cost) खालका पनि हुन्छन । शिक्षण सिकाइका क्रममा सामान्यतया निम्न प्रकारका विधिहरू अपनाउन सकिन्छ :

१. शिक्षक केन्द्रित विधिहरू (Teacher centre methods)
२. विद्यार्थी केन्द्रित विधिहरू (Student centre methods)
३. छलफल विधिहरू (Discussion Methods)
४. नाटकीय विधिहरू (Darmatic Methods)
५. सामाग्री केन्द्रित विधिहरू (Material focused Methods)

**मूल्याङ्कन (Evaluation) :** निर्धारित समयमा तोकिएको विषयवस्तुमा गरिएको शिक्षण-सिकाइ क्रियाकलाप पश्चात पाठ्यक्रमद्वारा निर्धारित उद्देश्यहरू के कति पुरा हुन् सके वा सकेनन भनि गरिने लेखाजोखा नै मुल्यांकन हो । सामान्यतया मूल्याङ्कन भन्ने वित्तिकै विद्यार्थीको शैक्षिक उपलब्धिको वारेमा गरिने लेखाजोखालाई बुझ्ने प्रचलन रहेको छ, तापनि व्यापक रूपमा मूल्याङ्कनलाई हेर्दा यो प्रक्रिया केवल विद्यार्थीको उपल्बिधसँग मात्र सिमित नभई सम्पूर्ण शैक्षिक कार्यक्रमसँग सम्बन्धित पक्षहरूकै लेखाजोखा गर्ने कार्यलाई समेत बुझ्नु पर्दछ । त्यसैले मूल्याङ्कनलाई विद्यार्थी मूल्याङ्कन

(Student Evaluation) र कार्यक्रम मूल्याङ्कन (Programme Evaluation) गरी दुइ स्वरूपमा वर्गीकरण गरिएको पाइन्छ । विद्यार्थी मूल्याङ्कन भनेको विद्यार्थीको शैक्षिक उपलब्धिको लेखाजोखा गर्ने कार्य हो भने कार्यक्रम मूल्याङ्कन भनेको सम्पूर्ण शैक्षिक कार्यक्रमको प्रभावकारिताको वारेमा गरिने लेखाजोखा हो ।

शैक्षिक क्षेत्रमा गरिने मूल्याङ्कनलाई मुख्य गरी निम्न दुइ प्रकारमा बर्गिकरण गरिएको छ :

**निर्माणात्मक मूल्याङ्कन (Formative Evaluation) :** विद्यार्थीहरूको वर्तमान शैक्षिक उपलब्धि स्तरको लेखाजोखा गरी त्यसमा भएका कमि कमजोरीहरूमा सुधार ल्याउने उद्देश्यले गरिएको मूल्याङ्कनलाई निर्माणात्मक मूल्याङ्कन भनिन्छ । यसको मुख्य उद्देश्य विद्यार्थीहरूलाई सल्लाह सुझावहरू प्रदान गर्नका लागि आवश्यक जानकारीहरू प्राप्त गर्नु हो, अथवा प्राप्त शैक्षिक उपलब्धिलाई थप सुधारका लागि विद्यार्थीहरूलाई पृष्ठपोषण प्रदान गर्ने उद्देश्यले आवश्यक पर्ने सूचनाहरू सङ्कलन गर्नु हो । यस्तो मूल्याङ्कनवाट विद्यार्थीहरूले आफ्ना कमी कमजोरीहरूमा पृष्ठपोषण प्राप्त गर्दछन र त्यसमा  तत्काल सुधार गर्ने अवशर पनि पाउछन, त्यसैले यसलाई सुधारात्मक मूल्याङ्कन वा आन्तरिक मूल्याङ्कन पनि भनिन्छ । निर्माणात्मक मूल्याङ्कनले विद्यार्थीहरूलाई सुधार गर्ने अवशर पनि प्रदान गर्ने हुदा यसले उनीहरूलाई उत्साही बनाउछ । यस अन्तर्गत प्रयोग गरिने मूल्याङ्कनका साधनहरूमा कक्षा कार्य, गृहकार्य, एकाइ परीक्षा, मासिक परीक्षा आदि पर्दछन ।

**निर्णयात्मक मूल्याङ्कन (Summative Evaluation) :** पाठ्यक्रमले निर्धारण गरेको उद्देश्य अनुरूप विद्यार्थीको शैक्षिक उपलब्धि स्तरको लेखाजोखा गरी उचित निर्णय दिने प्रक्रियासँग सम्बन्धित भएर गरिने मूल्याङ्कन नै निर्णयात्मक मूल्याङ्कन हो । यसले शैक्षिक कार्यक्रमलाई बैधानिकता प्रदान गर्नुका साथै विद्यार्थीहरूको शैक्षिक उपलब्धि स्तरका आधारमा सफल/असफल घोषणा गरी प्रमाणपत्र प्रदान गर्न समेत सहयोग गर्दछ । यसमा विद्यार्थीहरूले आफ्ना कमि कमजोरीहरू सुधार गर्ने अवशर नपाउने हुँदा उनीहरू कहिलेकाहीँ हतोत्साही पनि हुन सक्छन । यसलाई वाह्य/अन्तिम मूल्याङ्कन पनि भनिन्छ । निर्णयात्मक मूल्याङ्कन अन्तर्गत प्रयोग गरिने साधनहरूमा शैक्षिक सत्रको अन्तमा संचालन गरिने परिक्षा तथा अन्य बाह्य निकायद्वारा संचालन हुने परिक्षाहरू पर्दछन ।

**पाठ्यक्रमको महत्त्व :** पाठ्यक्रम भनेको शैक्षिक कार्यक्रमको व्यापक योजना भएकोले शिक्षण सिकाइका क्षेत्रमा यसको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । कुनै पनि शिक्षा प्रणालीललाई पाठ्यक्रमले नै दिशावोध गर्ने भएकोले यसको अभावमा शैक्षिक कार्यक्रमले गति लिन सक्दैन । शैक्षिक कार्यक्रमको मेरुदण्डका रूपमा रहेको पाठ्यक्रमको महत्त्वलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :-

(क) पाठ्यक्रमले व्यक्ति, समाज र राष्ट्रको चौतर्फी विकासमा सहयोग पुऱ्याउछ ।
(ख) राष्ट्रको विकासका लागि आवश्यक पर्ने दक्ष जनशक्ति उत्पादन गर्न सहयोग गर्दछ ।

(ग) बालबालिकाहरूको भावी जीवनको तयारीका लागि आवश्यक पर्ने ज्ञान, सिप, धारणा, अनुभव आदि प्रदान गर्दछ ।

(घ) शिक्षा प्रणालीको लक्ष्य प्राप्तिका लागि मार्गनिर्देशन प्रदान गर्दछ ।

(ङ) पाठ्यपुस्तकको अभावमा पनि शिक्षण सिकाइ कार्य संचालन गर्न सहयोग गर्दछ ।

(च) निर्धारित विषयवस्तुलाई उद्देश्य अनुरूपका शैक्षिक सामाग्रीहरू छनोट गरी उचित शिक्षण सिकाइ क्रियाकलाप संचालन गर्न सहयोग गर्दछ ।

(छ) विद्यार्थीहरूको उपलब्धिस्तर निर्धारण र शैक्षिक कार्यक्रमको प्रामाणिकरण गर्ने आधार प्रदान गर्दछ ।

**पाठ्यक्रम निर्माणका समस्याहरू :**

पाठ्यक्रम निर्माण गर्ने कार्य निकै जटिल एवं गहन मानिन्छ । किनभने पाठ्यक्रम शिक्षा प्रणालीसँग सम्बन्धित हुने भएकोले यो समय र समाज सापेक्ष हुनुका साथै गत्तिशील स्वरूपको हुन्छ । पाठ्यक्रममा सिकारु, समाज र राष्ट्रका आवश्यकताहरू प्रतिबिम्बित हुनेहुँदा ती आवश्यकताहरू परिवर्तन हुँदै जादा पाठ्यक्रममा पनि फेरबदल आउनु स्वभाविकै हो । त्यसैले एकपटक पाठ्यक्रम निर्माण गरेर त्यो सदाका लागि उपयोगी हुन् सक्दैन । यसलाई समयानुकूल परिमार्जन तथा परिवर्तन गर्दै लैजानु पर्दछ । अतः पाठ्यक्रममा के कति कुराहरू समावेश गर्ने भन्ने कुरा निकै चुनौतिपूर्ण मानिन्छ, जसले गर्दा नयाँ पाठ्यक्रम निर्माणमा पनि समस्याहरू उत्पन्न हुँदै जान्छन् । ती समस्याहरूलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

**(क) ज्ञानको विस्फोट :** शिक्षा र समाज एक आपसमा परिपुरक मानिन्छन किनकी यी दुवैले एकले अर्कोलाई प्रभाव पारिरहेका हुन्छन। समाज गतिशील हुने भएकोले हरेक नयाँ ज्ञान सिकारु, समाज र राष्ट्रका लागी उपयोगी हुनसक्छ । विज्ञान र प्रविधिका माध्यमबाट आएको नया ज्ञान हरेक सिकारुका लागि आवश्यक हुन्छ र ती कुराहरूलाई पनि पाठ्यक्रममा समावेश गर्नु जरुरि हुन्छ । यसरी दैनिक रूपमा देखा परेका नयाँ ज्ञानहरूलाई पाठ्यक्रममा समावेश गर्दै जाने कार्य निकै चुनौतिपूर्ण मानिन्छ, किनकी हिजो नया भनिएको ज्ञान आज पुरानो हुन् सक्छ र आज सान्दर्भिक भएको कुरा भोलिका लागि असान्दर्भिक हुन पनि सक्छ । यसरी हरेक विधामा नया नया ज्ञानहरूको विस्फोट हुदै जादा पाठ्यक्रम निर्माणमा पनि समस्या उत्पन्न हुदै जान्छ ।

**(ख) विवरणात्मक ज्ञानको निस्प्रभाव :** पाठ्यक्रममा समावेश गरिएका विषयवस्तुहरू समय अनुकुल नहुनु, पुरानो हुनु, चलनचल्तीमा नहुनु वा काम नलाग्ने हुनु नै ज्ञानको निस्प्रभाव हो अथवा विवरणात्मक/वर्णनात्मक ज्ञानहरू विस्तारै प्रभावहीन भै बहिस्कृत हुने अबस्थालाई नै ज्ञानको निस्प्रभाव भनिन्छ। त्यसैले वर्तमान समयमा उपयोगी नभएका कुराहरू तत्काल पाठ्यक्रमवाट हटाएर नया कुराहरू समावेश गर्ने कार्य निकै चुनौतिपूर्ण छ । जस्तै : नेपालको जनसंख्या गणना प्रत्येक

१०/१० वर्षको अन्तरालमा गरिन्छ, हरेक वर्ष जनसंख्या बृद्धि भैरहेको हुन्छ तर नेपालको जनसंख्या १० वर्षसम्म समान रहेको तथ्याङ्क पढाउनु परिरहेको हुन्छ । यसरि निस्प्रभावी/गलत तथ्याङ्क भए पनि अर्को वैध तथ्याङ्क नहुदा सोहि गलत तथ्याङ्क नै पाठ्यपुस्तकमा समावेश गरी पठनपाठन भएको पाइन्छ, जुन कुरा पाठ्यक्रम निर्माणका क्रममा देखा पर्ने एक मुख्य समस्या हो ।

**(ग) विद्यार्थीका विविध क्षमताहरू :** हरेक मानिसका आआफ्नै क्षमताहरू हुन्छन् । त्यसैले एउटै कक्षामा अध्ययन गर्ने विद्यार्थीका पनि विविध क्षमताहरू हुने गर्दछन, जसले गर्दा उनीहरूका सिकाइ क्षमताहरू पनि फरक फरक हुने गर्दछन तर सबैखाले विद्यार्थीहरूका लागि समान पाठ्यक्रम र विषयवस्तु निर्धारण गरिएको हुन्छ । यसरी हेर्दा असमान क्षमता भएका बालबालिकाहरूलाई समान पाठ्यक्रम कार्यान्वयन गर्दा समस्या उत्पन्न हुन्छ तापनि एउटै कक्षाका बालबालिकाहरूका लागी अलग अलग पाठ्यक्रम तयार गर्न सकिदैन, जुन कुरा पाठ्यक्रम निर्माणका क्रममा देखा पर्ने एक समस्या मानिन्छ । अतः विविध क्षमता भएका बालबालिकाहरूका लागि उपयुक्त पाठ्यक्रम तयार गर्ने कार्य निकै चुनौतिपूर्ण मानिन्छ ।

**(घ) शैक्षिक प्रविधिको प्रभाव :** विज्ञान र प्रविधिको क्षेत्रमा भएको तीव्र विकासले गर्दा शैक्षिक क्षेत्रमा पनि व्यापक प्रभाव परेको पाइन्छ। विगतको शिक्षा प्रणालीको तुलनामा वर्तमान समयको शिक्षा प्रणालीमा व्यापक फेरवदल भएको पाइन्छ। यसको मूल कारण शैक्षिक प्रविधिको प्रभाव नै हो। किनकी शिक्षा प्रणालीले विज्ञान र प्रविधिको गति अनुरूप आफ्नो गति निर्धारण गर्नु पर्ने हुन्छ, अन्यथा शिक्षाले नया एवं महत्त्वपूर्ण विषयवस्तुहरू विद्यार्थीहरूलाई हस्तान्तरण गर्न सक्दैन । जसले गर्दा विद्यार्थीहरू नया नया ज्ञान र प्रविधिवाट अनविज्ञ हुन्छन । विज्ञान र प्रविधिको क्षेत्रमा देखा परेको तीव्र विकासले हरेक दिन विश्वमा नया नया कुराहरू आविष्कार भैरहेका हुन्छन, ती सबै कुराहरूलाई तत्काल पाठ्यक्रममा समावेश गर्ने कार्य निकै चुनौतिपूर्ण मानिन्छ ।

पाठ्यक्रम निर्माणमा देखा परेका समस्या समाधान गर्ने उपायहरू :

पाठ्यक्रम निर्माण गर्ने कार्य जतिसुकै चुनौतिपूर्ण भए पनि त्यसलाई सामना गर्दै समय सापेक्ष रूपमा पाठ्यक्रम तयार गरी लागू गर्नु पर्ने हुन्छ । कुनै पनि मुलुकको विकासको मुख्य आधार नै शिक्षा भएकोले पाठ्यक्रम निर्माण गर्दा विशेष ध्यान दिनु जरुरि हुन्छ । कुनै पनि मुलुकको प्राकृतिक साधन-स्रोत र उत्पादित जनशक्ति विच तालमेल हुन सकेन भने त्यो मुलुकको विकास पनि सम्भव छैन । अतः पाठ्यक्रम निर्माणका क्रममा देखा परेका विभिन्न प्रकारका समस्याहरूलाई समाधान गर्दै उचित पाठ्यक्रम तयार गर्नका लागि निम्न उपायहरू अपनाउन सकिन्छ :

**(क) खोज विधिमा जोड :** पाठ्यक्रम निर्माणका क्रममा देखा पर्ने समस्या समाधानका लागि खोज कार्यमा जोड दिनु पर्छ । पाठ्यक्रममा समावेश गरिने विषयवस्तुहरू विद्यार्थीलाई सक्रिय

गराउने खालका हुनु पर्छ, जसले उनीहरूलाई खोजी कार्यमा संलग्न गराई स्वयम् नयाँ ज्ञान आर्जन गर्न सक्षम तुल्याउन सक्छ । त्यसैगरी मुलुकका लागि कस्तो प्रकारको शिक्षा प्रणाली आवश्यक छ भन्ने कुरा अनुसन्धान गरी पाठ्यक्रम निर्माण गरिएमा मात्र त्यो पाठ्यक्रम बढी उपयोगी हुन सक्छ अथवा सिकारु, समाज र राष्ट्रका लागि उपयोगी पाठ्यक्रम निर्माण भएमा मात्र त्यो सबैका लागि स्वीकार्य हुन सक्छ, अन्यथा त्यसले समस्या उत्पन्न गराउन सक्छ । त्यसैले शैक्षिक क्षेत्रमा व्यापक अध्ययन, अनुसन्धान तथा खोजी कार्य गरी पाठ्यक्रम निर्माण गर्नु पर्दछ ।

**(ख) पाठ्यक्रमको सान्दर्भिकतामा जोड :** विज्ञान र प्रविधिसँग मेल खाने, मानव जीवनका लागि उपयोगी शैक्षिक कार्यक्रमलाई नै सान्दर्भिक पाठ्यक्रम भानिन्छ। यस्तो पाठ्यक्रमले नै मुलुकको प्राकृतिक साधन र स्रोतलाई अधिकतम रूपमा उपयोग गरी देश विकास गर्न सक्ने खालको दक्ष जनशक्ति तयार गर्न मद्दत गर्दछ । समय अनुरूप समाज पनि बदलिदै जादा मानिसका आवश्यकताहरू पनि बदलिदै जान्छन । यस्तो बदलिदो परिस्थितिमा पनि मुलुकको वास्तविक आवश्यकता पहिचान गरी उपयुक्त शिक्षा प्रणाली अपनाउन सक्नु नै पाठ्यक्रमको सान्दर्भिकता पत्ता लगाउनु हो । अतः पाठ्यक्रम सान्दर्भिक भएमा मात्र देश र जनताको समग्र विकास हुन सक्ने अपेक्षा गर्न सकिन्छ ।

**(ग) सान्दर्भिक र मौलिक सामाग्रीहरूको विकास :** पाठ्यक्रम जति स्तरीय, उपयोगी र सान्दर्भिक भए पनि यसलाई उचित ढङ्गले कार्यान्वयन गर्न सकिएन भने यसको कुनै औचित्य हुँदैन र थप समस्या समेत पैदा हुन्छ। त्यसैले पाठ्यक्रमको सफल कार्यान्वयनका लागि आवश्यक पर्ने सामाग्रीहरू मौलिक, स्वदेशी र सान्दर्भिक खालका हुनु पर्छ, जसले पाठ्यक्रम लागू गर्ने क्रममा उत्पन्न हुने विविध समस्याहरूलाई समाधान गर्न मद्दत गर्दछ। खास गरी शिक्षण सिकाइका क्रममा आवश्यक पर्ने शैक्षिक सामाग्रीहरू सान्दर्भिक, मौलिक खालका हुनु पर्छ । त्यसैगरी सामाग्रीहरू स्थानीय साधन र स्रोतवाट निर्मित भएमा ती बढी प्रभावकारी हुन् सक्छन । यस्ता सान्दर्भिक र मौलिक सामग्रीहरूले मात्र पाठ्यक्रमको सफल कार्यान्वयनमा समेत सहयोग गर्न सक्छन। कतिपय सामग्रीहरूको निर्माणका लागि विद्यार्थीहरूलाई पनि सक्रिय गराइ मूल्य नै नपर्ने र कम मुल्य पर्ने सामाग्रीहरू निर्माण गरी पाठ्यक्रमको उद्देश्य पुरा गर्न सकिन्छ ।

## निष्कर्ष

मानव समाजको विकासक्रमसँगै मानवीय आवश्यकताहरू पनि बदलिदै जादा शिक्षा प्रदान गर्ने प्रभावकारी विकल्पको खोजि हुन् थाल्यो । औपचारिक रूपमा शिक्षाको थालनी भएपछी शुरुशुरुमा कक्षाकोठा भित्र शिक्षण गरिने विषयवस्तु (पाठ्यांश)को स्वरूपलाई नै पाठ्यक्रम भन्न थालियो, जसलाई पाठ्यक्रम सम्बन्धित परम्परागत धारणा मानिन्छ। शिक्षाको विकाससँगै पाठ्यक्रम सम्बन्धि परम्परागत धारणामा पनि केहि परिवर्तनहरू देखा पर्न थाले, जसअनुसार पाठ्यक्रम र पाठ्यांश विचको भिन्नता केलाउन थालियो। आधुनिक दृष्टिकोणका आधारमा हेर्दा पाठ्यक्रम भनेको शैक्षिक कार्यक्रमको एक

व्यापक योजना हो, जसमा बालबालिकाहरूलाई उचित ज्ञान, सिप, धारणा आदि प्रदान गरी उनीहरूको चौतर्फी विकास गराउने लक्ष्य राखिएको हुन्छ । अतः पाठ्यक्रमलाई शैक्षिक कार्यक्रमको संगठित र योजनाबद्ध स्वरूप मानिन्छ, जसले सम्पूर्ण शैक्षिक कार्यक्रमलाई नै दिशानिर्देश गरेको हुन्छ। पाठ्यक्रममा सिकारुले हासिल गर्नु पर्ने सम्पूर्ण सिकाइ अनुभवहरू समेटिएका हुन्छन । सिकारु, समाज, राष्ट्र र अन्तर्राष्ट्रिय परिवेश समेतलाई ध्यान दिएर पाठ्यक्रम तयार गर्नु पर्छ। विज्ञान र प्रविधिको माध्यमवाट देखा परेको परिवर्तनलाई समेत मध्यनजर गरी समय सापेक्ष रूपमा पाठ्यक्रम विकसित गरिनु पर्छ । पाठ्यक्रमलाई व्यवहारिक, सिपमुलक, वैज्ञानिक एवम समय सापेक्ष बनाउन नसकेसम्म कुनै पनि मुलुकको शिक्षा उपयोगी, सान्दर्भिक र गुणस्तरीय हुन् सक्दैन । शिक्षा प्राप्त गर्नु भनेको कुनै तह उत्तीर्ण गर्नु र प्रमाणपत्र प्राप्त गर्नु मात्र होइन बरु निश्चित तह पुरा गरिसकेपछि उक्त व्यक्तिले राष्ट्रको कुन कुन पक्षमा के कति योगदान पुऱ्याउन सक्छ भन्ने कुरा नै महत्त्वपूर्ण पक्ष हो ।  मुलुकको समग्र विकासका लागि कुन कुन क्षेत्रमा, के कस्ता प्रकारका, के कति संख्यामा दक्ष जनशक्ति आवश्यक पर्छ भन्ने कुराको आवश्यकता विश्लेषण (Need Analysis) गरेर मात्र शिक्षा प्रणाली तयार गर्नु नै शिक्षालाई व्यवहारिक तथा वैज्ञानिक वनाउने सर्वोत्तम उपाय हो, जसवाट मात्र राष्ट्रमा भएका प्राकृतिक साधन र स्रोतहरूलाई अधिकतम रूपमा सदुपयोग गर्नका लागि तोकिए अनुसार आवश्यक पर्ने दक्ष जनशक्ति उत्पादन गर्न मुलुकको शिक्षा प्रणाली सफल हुन सक्छ। कुनै पनि मुलुक सम्पन्न हुनु भनेको त्यहा भएका प्राकृतिक सम्पदाहरूको अधिकतम रूपमा उपयोग गरी मुलुकका लागि आवश्यक पर्ने उध्योग-धन्दा स्थापना गर्ने र स्वदेशमै प्रयाप्त मात्रामा रोजगारिका अवशरहरू सृजना गरी नागरिकहरूको आयस्रोत बढाउनु हो । यसका लागि पनि देशको आवश्यकता अनुकुलको शिक्षा प्रणाली र उपयुक्त पाठ्यक्रमको विकास गर्नु जरुरि हुन्छ। शिक्षाको लक्ष्य/उद्देश्य प्राप्तिका लागि बनाइएको शैक्षिक कार्यक्रमलाई पाठ्यक्रम नै भानिन्छ । त्यसैले पाठ्यक्रमललाई शैक्षिक कार्यक्रमको एक विस्तृत दस्तावेज (Document) का रूपमा लिइन्छ। पाठ्यक्रममा किन पढाउने ? (उदेश्य), के पढाउने? (विषयवस्तु), कसरी पढाउने ? (शिक्षणविधि) र सिकाइएका कुराहरूको लेखाजोखा कुन कुन साधनहरू प्रयोग गरी कसरी गर्ने ? (मूल्याङ्कन प्रक्रिया) आदि महत्त्वपूर्ण तत्त्वहरू समावेश गरिएको हुन्छ । त्यसैले पाठ्यक्रम विनाको शैक्षिक कार्यक्रमको कल्पना पनि गर्न सकिदैन । हरेक मुलुकको शिक्षा प्रणालीको मेरुदण्डका रूपमा पाठ्यक्रमलाई नै लिइएको हुन्छ। पाठ्यक्रमको अभावमा कुनै पनि शैक्षिक कार्यक्रमले गति लिन सक्दैन। शिक्षा प्रणालीलाई समय सापेक्ष रूपमा परिर्वतन गर्दै लैजानु पर्ने हुँदा पाठ्यक्रमलाई पनि व्यक्ति (सिकारु), समाज, राष्ट्र र अन्तर्राष्ट्रिय परिवेश अनुसार आवश्यकताको आधारमा सुधार एवम परिवर्तन गर्दै जानु पर्दछ, अन्यथा कुनै पनि मुलुकको विकास हुन् सक्दैन ।

## सन्दर्भसूची (References)

Crowtrer, J. (2002). *Oxford advanced learner's dictionary. 5th Edition.*

Taba, H. (1962). *Curriculum development: Theory and practice*. Harcourt, Brace and world Inc.

Tyler, R. W. (1974). *Basic Principles of Curriculum and Instruction*. The University of Chicago Press.

खनाल, श्रीप्रसाद (२०६४ वि.सं.) *पाठ्यक्रम सिद्धान्त,* काठमाडौँ : जुपिटर पब्लिसर्स एण्ड डिष्ट्रिव्युटर्स प्रा.लि.

ज. ब. रा., स्वयमप्रकाश, चन्द्रबहादुर श्रेष्ठ र किरणराम रंजितकार (२०५९ वि.सं) *पाठ्यक्रम योजना र अभ्यास,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

भट्टराई, होमनाथ र केशबसिंह धामी, (२०६२ वि.सं.) *पाठ्यक्रम र मूल्याङ्कन,* काठमाडौँ : रत्न पुस्तक भण्डार ।

वाग्ले, डा. मनप्रसाद र लेखनाथ पौडेल (२०६२ वि.सं.) *पाठ्यक्रम र मूल्याङ्कन,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, चिरन्जीवी र निर्मला शर्मा (२०६२ वि.सं.) *पाठ्यक्रम योजना र अभ्यास,* काठमाडौँ : एम. के. पब्लिशर्स एण्ड डिष्ट्रिव्युटर्स ।

श्रेष्ठ, चन्द्रबहादुर र किरणराम रंजितकार (२०५९ वि.सं.) *पाठ्यक्रम र मूल्याङ्कन,* काठमाडौँ : भुडीपुराण प्रकाशन ।

श्रेष्ठ, प्रकाशमान (२०६२ वि.सं.) *पाठ्यक्रम र मूल्याङ्कन,* काठमाडौँ : सुकुन्दा पुस्तक भवन ।